AUSCO

# अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

## रोजगारी

अष्ट्रेलियामा एउटा स्थीर भविष्य बनाउनका लागि एउटा रोजगारी हुँदा तपाईँलाई सहायता पुग्छ र महिला र पुरूष दुबैले काम गर्ने अपेक्षा गरिन्छ। अष्ट्रेलियामा आइपुगेपछि तपाईँले तत्कालै काम नपाउन सक्नुहुन्छ। तपाईँले काम पाउनु अघि आफ्नो अंग्रेजी सुधार गर्नु पर्ने, र अध्ययन गर्नु पर्ने हुन सक्छ। तपाईँले सामना गर्न सक्नुहुने केही चुनौतीहरू यी हुन्:

- अष्ट्रेलियामा कामको अनुभव नहुनु।
- राम्ररी अंग्रेजी बोल्न नसक्नु।
- कम्प्युटर चलाउन सक्ने कम क्षमता नभएको वा नजानेको।
- रोजगारी फेला पार्न सामाजिक नेटवर्कको कमी हुनु।
- जागिर कहाँ खोज्ने थाहा नभएको वा कामको लागि आवेदन दिन नजानेको।
- तपाईँसित भएको दक्षता अष्ट्रेलियालाई आवश्यक नपर्नु।
- तपाईँको व्यावसायिक योग्यताले अष्ट्रेलियामा मान्यता प्राप्त नगर्नु।

यो कष्टकर समय हुनसक्छ तर तपाईँको नयाँ घरमा बसोबासको व्यवस्था मिलाउने सिलसिलाको यो एक भाग हो। यी निःशुल्क सेवाहरू हुन् जस्ले यी चुनौतीहरूको सामना गर्न मद्दत गर्न सक्छ। **स्मरण रहोस्:** यसमा समय लाग्छ।

रोजगारी पाउन अङ्ग्रेजी भाषा सिक्नु पर्ने हुन्छ। तपाईँलाई प्रस्ताव गरिएको पहिलो रोजगारी स्वीकार गर्नु उपयुक्त हुन्छ यस्ले गर्दा तपाईँ अष्ट्रेलियाई कार्यस्थलमा आफ्नो कौशल बढाउन शुरु गर्न सक्नुहुन्छ।

मानवीय सेवा विभाग (Department of Human Services) ले बेरोजगार मानिसहरूका लागि आम्दानी सहायता दिन्छ र रोजगारी खोज्न वा तालिम दिन सहयोग गर्छ। सरकारले मानिसहरूलाई कामको खोजी गर्न र कामका लागि उपयोगी दक्षता विकास गर्न प्रोत्साहित गर्दछ जसले गर्दा उनीहरू भत्तामा निर्भर हुनु पर्दैन। यदि तपाईँ बेरोजगारी भत्ता पाउनु हुन्छ भने, सामान्यतया तपाईँले काम खोज्नु पर्छ वा अध्ययन गर्नु वा तालिम लिनु आवश्यक छ। थप जानकारीको लागि www.humanservices.gov.au मा जानुहोस्।

### अष्ट्रेलियन कामको अनुशासन

अष्ट्रेलियामा 'काम गर्नु' भनेको मतलव पैसा कमाउने मात्र भन्दा बढी हो। अधिकांश अष्ट्रेलियनहरूका लागि रोजगारी पाउनु र त्यसलाई कायम राख्नु उनीहरूको व्यक्तिगत परिचयको महत्वपूर्ण भाग हो। आफ्नो दक्षता भन्दा तल्लो स्तको काम गर्नु नराम्रो वा गलत मानिदैन: यसले तपाईंलाई अष्ट्रेलियामा कामको अनुभव दिन्छ र यसले अर्को काम वा उपयोगी सम्पर्कहरू मिलाउन सक्छ र साथै तपाईँको परिवारको लागि आय प्रदान गर्दछ। अष्ट्रेलियामा महिला र पुरूष दुवैले काम गर्छन् र काम गर्ने ठाउँमा समानताको व्यवहार गर्ने गरिन्छ। काम पाइसकेपछि एक खालको 'असल सोचाइ' हुनु जरूरी छ। त्यसको मतलव तपाईँले आफ्नो कामलाई गम्भिरतापूर्वक लिनुहुन्छ, राम्ररी गर्नुहुन्छ र आफूले सकेसम्म राम्रो गरेको अनुभव गरेर त्यसमा आनन्द लिने गर्नुहुन्छ भन्ने हो।



## कर

अष्ट्रेलिया सरकार ले कर सङ्कलन गरी जनताका लागिविद्यालय, स्वास्थ्य सेवा, सडक तथा जनकल्याण जस्ता सेवाहरू उपलब्ध गराउँछ। आम्दानी गरेको रकममा कर तिर्नुपर्छ जस्तो कि रोजगारीबाट भएको आम्दानी, व्यापारबाट गरेको आम्दानी र सामान तथा सेवा कर (Goods and Services Tax - GST) र बैङ्क खातामा आएको व्याजमा कर लाग्छ। आम्दानी गर्ने सबैले वा सरकारबाट आर्थिक सहायता प्राप्त गर्ने मानिहसरूले यहाँको अष्ट्रेलियालि कर कार्यालय (Australian Taxation Office - ATO) बाट कर दर्ता नम्बर (Tax File Number - TFN) लिनुपर्छ। थप जानकारीको लागि www.ato.gov.au मा जानुहोस्।

## रोजगारी खोज्ने तरिका

काम खोज्ने तपाईंको जिम्मेवारी हो। यो तपाईँ अष्ट्रेलिया आइपुगेपछिको सबभन्दा महत्वपूर्ण कदम हो। रोजगारी कसरी फेला पार्ने भन्नेबारेमा तपाईंलै मद्दत पाउन सक्नुहुन्छ, तर तपाईंले रोजगारी खोज्ने पाउने र त्यसलाई निरन्तरता दिने काममा केन्द्रिय भूमिका निर्वाह गर्नुहुन्छ। जागिर खोज्न र रोजगारी दुवैका लागि कम्प्यूटर चलाउने सीप महत्त्वपूर्ण छन्।

रोजगारी फेला पार्ने प्रचलित तरिकाहरू:

- साथीभाइ र परिवारका सदस्यहरूसित यदि उनीहरूलाई कुनै रोजगारी खुलेको थाहा छ कि छैन भनी सोध्ने (नेटवर्किङ)।
- सेन्टरलिंक (Centrelink) मा दिइएको सल्लाह अनुसरण गर्ने।
- जबयाक्टिभ (jobactive) वा अपाङ्ग रोजगार सेवा (Disability Employment Services) मा दर्ता हुने। थप जानकारीको लागि:
  - www.jobs.gov.au/jobactive
  - www.dss.gov.au/our-responsibilities/disability-and-carers/programmes-services/disability-employment-services
- अष्ट्रेलियन सरकारको निःशुल्क JobSearch साइटको प्रयोग गरेर। थप जानकारीको लागि www.jobsearch.gov.au मा जानुहोस्।
- समाचारपत्र, सामुदायिक बुलेटिन बोर्डहरू, इन्टरनेट र फोनबुकको प्रयोग गर्ने।
- व्यापारिक रोजगारी एजेन्सीहरूको प्रयोग गर्ने।
- सीप तथा व्यावसायिक पत्रिकाहरूमा प्रकाशित रोजगारीको अवसर हेर्ने।
- स्वयंसेवा गर्ने। स्वयंसेवीको रूपमा काम गर्ने भनेको सङ्गठनहरूका लागि गरिने काम हो जसले आवश्यकता परेका मानिसहरूका लागि काम गरेका हुन्छन्। यस्ले तपाईंलाई आफ्नो क्षमता विकास गर्न र स्थानीय अनुभव हासिल गर्न मद्दत गर्न सक्छ। आफूलाई व्यस्त राख्नुहोस् जसबाट तपाईँ परिश्रम गर्न सक्नुहुन्छ र अष्ट्रेलियन कामको संस्कृतिका बारेमा सिक्न सक्नुहुन्छ भन्ने कुरा मानिसहरूलाई देखाउनेछ। स्वयंसेवकहरूले अति राम्रा रेफ्रिहरू (रोजगारिका लागि सिफारिस गर्ने व्यक्तिहरु) बनाएका हुन्छन् जसले तपाईंलाई तलब पाउने रोजगारी फेला पार्न मद्दत गर्न सक्छन्। थप जानकारीको लागि www.volunteeringaustralia.org मा जानुहोस्।


वैकल्पिक रूपमा, तपाईँ आफ्नै व्यवसाय शुरू गर्न सक्नुहुन्छ। अष्ट्रेलिया सरकारले जानकारी र सहयोग प्रदान गर्दछ। थप जानकारीको लागि www.business.gov.au मा जानुहोस्।

## बैदेशिक योग्यताहरू

### योग्यताको अनुवाद

योग्यता अङ्ग्रेजी भाषामा अनुवाद भएको हुनु जरूरी छ र अष्ट्रेलियामा ती योग्यताहरूलाई मान्यता प्राप्त छ वा छैन भन्ने कुरा पत्ता लगाउनुहोस। तपाईंले आफ्नो योग्यताको प्रमाणपत्रहरू निःशुल्क रूपमा अनुवाद गराउनको लागि www.translating.dss.gov.au मा अनलाईन बुझाउन सक्नुहुन्छ।



**योग्यताको मान्यता**

योग्यतालाई आधिकारीक रूपमा मान्यताप्राप्त भैसकेपछि त्यसले तपाईँलाई आफ्नो योग्यताको क्षेत्रमा काम गर्ने अवसरमा सुधार ल्याउनेछ। शिक्षा तथा प्रशिक्षण विभाग (Department of Education and Training) ले अष्ट्रेलियामा विदेशका प्राज्ञिक उच्च शिक्षालाई कसरी मान्यता दिने भन्नेबारे जानकारी उपलब्ध गराएको छ। केही सीप वा व्यवसायहरूले आपसमा जोड्ने वा बृजिङ् कोर्शहरू पढाएर विदेशी योग्यतालाई अष्ट्रेलियन मापदण्डमा बदल्ने गर्छन्। थप जानकारीको लागि www.internationaleducation.gov.au मा जानुहोस्।

यदि तपाईँसित इन्जिनियरिङ, निर्माण, धातुकर्मी, बिजुली वा क्याटरिङ उद्योगको योग्यता छ भने ट्रेड रिकगनिसन अष्ट्रेलिया (Trades Recognition Australia - TRA) ले तपाईँलाई अष्ट्रेलियन मान्यताप्राप्त सीप प्रमाणपत्र उपलब्ध गराउँछ (यो लाइसेन्स होइन)। थप जानकारीको लागि www.tradesrecognitionaustralia.gov.au/Pages/default.aspx मा जानुहोस्।

## रोजगारी पाउने

### अन्तरवार्ता

तपाईँले काम पाउनुअघि तपाईँलाई रोजगारदाताले अन्तरवार्तामा आउन भन्नसक्छ। एउटै कामका लागि धेरै मानिसहरू प्रतिष्प्रधा गरिरहेका हुनसक्छन्। अन्तरवार्ताको अवधीमा तपाईँले आफ्नो कामको अनुभव र शैक्षिक योग्यताबारे बताउनु पर्नेछ। कुनै कुनै संस्कृतिमा आफ्नै बारेमा व्याख्या गर्नु शिष्टता मानिँदैन। तर अष्ट्रेलियामा तपाईँले आफ्नो अनुभव, दक्षता र गुणहरु बताएर रोजगारदातालाई प्रभावित तुल्याउनुपर्ने हुन्छ। नत्र भने रोजगारदातालाई तपाईँसित भएको दक्षता वा अनुभव थाहा नहुनसक्छ। तपाईँले अष्ट्रेलियासम्मको यात्रा गर्दा धेरै नै साहस र प्रतिबद्दता प्रदर्शन गरिसक्नुभएको छ। ती सकारात्मक गुणहरूलाई रोजगारदाताले सम्मान गर्नेछन्।

### व्यक्तिगत विवरण

रोजगारीको लागि आवेदन गर्दा व्यक्तिगत विवरण पेश गर्नु पर्छ। त्यसले तपाईँको पहिलेको अनुभव, योग्यता, पृष्ठभूमिलगायत र रोजगारदाताबारे जानकारी दिन्छ। यस्तो विवरण कम्प्युटरमा टाइप गरिएको हुनुपर्छ र त्यसमा स्पेलिङ् गलत छ छैन राम्ररी जाँच गर्नुपर्छ। यदि तपाईँमा पहिले काम गरेको अनुभव छैन भने आफूले गरेको स्वयंसेवाको काम वा तपाईँले लिएका तालिमहरू वा तपाईँको जीवन अनुभवले आफूलाई कसरी उक्त रोजगारीको लागि तयार बनाएको छ भन्ने कुरा उल्लेख गर्नुपर्छ। jobactive जस्ता सेवाहरूले तपाईँको व्यक्तिगत बायोदाता बनाउन मद्दत गर्छ। थप जानकारीको लागि www.jobs.gov.au/jobactive मा जानुहोस्।

## रोजगारी पाएपछि

तपाईँको रोजगारी कायम राखिराख्न दरिलो वर्क इथिक्स अर्थात् **काममा आचारसंहिता** देखाउन सकेमा मद्दत पुग्छ। यहाँ केही उपायहरू छन:

- समयमा पुग्नुहोस्, कहिल्यै पनि ढिलो नहुनुहोस्। यदि तपाईँमा कुनै समस्या भएमा तपाईँले आफ्नो सुपरभाइजरलाई सकेसम्म छिटो फोन गर्नुहोस् र त्यसको जानकारी दिनुहोस्।
- उत्पादनशील बन्नुहोस्, कामको समयमा व्यस्त रहनुहोस्। निर्धारित ब्रेकको समयमा ब्रेक लिने गर्नुहोस्।
- सामान्य खालका व्यक्तिगत समस्याहरूका कारण काममा उपस्थित नहुनु मनासिव हुँदैन। यदि आकस्मिक अवस्था आइपरेमा वा तपाईँ वास्तवमै विरामी पर्नु भएको भए मात्र काममा गयल हुनुहोस्।
- यदि तपाईँले कुनै काम वा विषय नबुझ्नु भएको भए प्रश्न सोध्नुहोस्। अर्को कर्मचारी वा तपाईँको हाकिमसित सोध्नुहोस्।
- अरूले गरेको हेर्नुहोस्, अरूले काम गरेको देखेर सिक्नुहोस्।
- धेरै निष्कृय नबन्नुहोस्। प्रयासहरू थाल्नुहोस् र नयाँ कामहरू शुरू गर्नुहोस् वा आफूले नयाँ जिम्मेवारीहरू लिन सक्छु कि भनी सोध्ने गर्नुहोस्।
- अन्य कामदारहरूसित असल सम्बन्ध बनाउनुहोस्, तर यो कुरामा सावधान रहनुहोस् कि काम गर्ने बेलामा धेरैबेर अरुसंग हेलमेल गरेर समय नबिताउनुहोस्।
- अरू मानिसहरूलाई सम्मानपूर्वक व्यवहार गर्नुहोस्। तपाईँ अन्य संस्कृति, धर्महरू र विचारधारा भएका मानिसहरूसित काम गर्नुहुनेछ। स्मरण रहोस् कि काम गर्ने ठाउँमा, पुरूष र महिलालाई समान व्यवहार गरिन्छ।
- तपाईँको कामको रेकर्ड ठोस् बनाउनुहोस्, र सम्भव भएमा एउटा रोजगारीमा कम्तिमा ६ महिना रहनुहोस्।
- काम छाड्नुअघि तपाईँको रोजगारदातालाई सकेसम्म धेरै समयको नोटिस वा पूर्व जानकारी दिनुहोस्। उनीहरू तपाईँको अर्को रोजगारीको लागि रेफ्रि (तपाईँको चरित्रका बारेमा जानकारी दिने मानिस) भएकाले उनीहरूलाई तपाईँले सम्मान तथा आदरपूर्ण व्यवहार गर्नुपर्छ।
- कानूनी रूपमा तपाईँले Centrelink लाई भन्नुपर्छ त्यसो भएमा मात्र उनीहरूले तपाईँको आम्दानी सहायता भुक्तानीको हिसाबकिताब मिलाउन सक्छन्।



यो पृष्ठ जानीबुझी खाली राखिएको हो

*संशोधित संस्करण (एप्रिल 2018)*

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM